**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- सर्वोच्च न्यायालयले बाल बालिकाहरुलाई सोशियल मीडियासित सम्बन्धित जोखिमहरुबाट बचाउनका लागि व्यापक नियामक ढांचा तयार गर्ने मांग गरिएको याचिकामा केंद्र सरकार अनि राष्ट्रीय बाल अधिकार संरक्षण आयोगसित जवाब मागेको छ।

- गृह मंत्रालयले जनगणना अधिनियम, 1948 अंतर्गत जनगणना (संशोधन) नियम, 2026 लागू गरेको छ।

- मुख्यमंत्री शुभेंदु अधिकारीले घोषणा गर्नुभए अनुसार, केंद्र सरकारले राज्यमा स्थित सबै 'शत्रु संपत्तिहरुको संरक्षक पश्चिम बंगाल सरकारलाई बनाउने छ।

- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सुचना एंव सांस्कृतिक बिभागले भोलि जिटिए क्षेत्रभरि भव्य फुलपाती शोभा यात्राको आयोजन गर्नेछ।

- खरसाङमा आगामी 30 अक्टोबर देखि 1 नोभेम्बरसम्म  तीन दिवसीय दार्जिलिङ फिल्म फेस्टिभल 2026 सम्पन्न हुने भएको छ।

**सर्वोच्च न्यायालय -बच्चे, सोशल मीडिया**

सर्वोच्च न्यायालयले बाल बालिकाहरुलाई सोशियल मीडियासित सम्बन्धित जोखिमहरुबाट बचाउनका लागि व्यापक नियामक ढांचा तयार गर्ने मांग गरिएको याचिकामा केंद्र सरकार अनि राष्ट्रीय बाल अधिकार संरक्षण आयोगसित जवाब मागेको छ। मुख्य न्यायाधीश सूर्यकांत अनि न्यायमूर्ति जॉयमाल्य बागचीको पीठले महिला अनि बाल विकास मंत्रालय तथा कानून तथा न्याय मंत्रालयलाई नोटिस जारी गरेको छ। पीठले यस याचिकालाई विषयसित संबंधित लंबित याचिकासित जोड़दै सात दिसंबरमा सुनवाईका लागि सूचीबद्ध गरेको छ। इंदौरको एक स्कूलका निदेशकको तर्फबाट दायर याचिकामा कम उमेरका बच्चाहरुको सोशल मीडियासम्म पहुंच, साइबर बुलिंग, यौन शोषण अनि स्क्रीनमा अत्यधिक समय बिताएकोमा गंभीर चिंता जताइएको छ। याचिकामा अनिवार्य आयु सत्यापन, माता-पिताको सहमतिको प्रमाणिक पुष्टि अनि सोशल मीडिया अकाउन्ट बनाउनमा उमेरको आधारमा कडा प्रतिबंध लागू गर्ने मांग गरिएको छ। याचिकामा सर्वोच्च न्यायालयसित केंद्र सरकारलाई एक समर्पित अनि प्रभावी नियामक ढांचा तयार गर्न निर्देश दिने अनुरोध गरिएको छ।

**गृह मंत्रालय - जनगणना नियम**

गृह मंत्रालयले जनगणना अधिनियम, 1948 अंतर्गत जनगणना (संशोधन) नियम, 2026 लागू गरेको छ। मंत्रालयले यस संबंधमा आज राजपत्र अधिसूचना जारी गर्यो। यस संशोधन अंतर्गत पात्र गणनाकर्ताहरुको सूचीमा शिक्षकहरु, सरकारी अधिकारिहरु, स्थानीय प्राधिकरणका कर्मचारिहरु अनि संबंधित राज्य सरकारहरु या केंद्र शासित प्रदेशका प्रशासनद्वारा उपयुक्त मानिएका अन्य व्यक्तिहरुलाई सामेल गरिएको छ। संशोधित नियमहरु अनुसार, सरकारी, स्थानीय प्राधिकरण, सहायता प्राप्त अनि गैर-सहायता प्राप्त निजी शिक्षण संस्थानहरु साथै समितिहरु या ट्रस्टहरु द्वारा संचालित संस्थानका शिक्षकहरुलाई गणनाकर्ताको रूपमा नियुक्त गरिने सम्भवना छ।

**मुख्यमन्त्री शत्रु सम्पत्ति**

मुख्यमंत्री शुभेंदु अधिकारीले घोषणा गर्नुभए अनुसार, केंद्र सरकारले राज्यमा स्थित सबै 'शत्रु संपत्तिहरुको संरक्षक पश्चिम बंगाल सरकारलाई बनाउने छ।
मुख्यमंत्रीले मुर्शिदाबाद जिल्लाको लालबागमा एक दुर्गा पूजा पंडालको उद्घाटन अवधि यस्तो बताउनु भएको हो। उहाँले राज्य सरकारको मुख्य उद्देश्य यी संपत्तिहरुबाट उत्पन्न राजस्वको उपयोग स्थानीय विकास परियोजनाहरुलाई गति दिन प्रयोग गर्नेछ। मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो नयाँ दिल्लीमा हालै आयोजित बिम्सटेक देशहरुका गृह मंत्रिहरुको बैठक अवधि यस मुद्दामा चर्चा भयो त्यसपछि नै केंद्रीय गृह मंत्रालयले यस प्रस्तावलाई स्वीकृति दिएको छ। शत्रु संपत्तिको सम्बन्ध ति चल अनि अचल संपत्तिहरुसित छ जुन भारतमा छोडेर मानिसहरु पलायन भए अनि अन्य देशको नागरिकता लिए। आधिकारिक सूत्र अनुसार, शत्रु संपत्तिहरुको संख्याको हिसाबमा पश्चिम बंगाल देशको दोस्रो स्थानमा छ ।

**दुर्गा पूजा- षष्ठी**

महाषष्ठीको साथै देशभरि दुर्गा पूजा उत्सवको औपचारिक शुरुआत भएको छ। पश्चिम बंगालमा दुर्गा पूजाको उल्लास छाएको छ। राज्यका विभिन्न पूजा पंडालहरुमा मां दुर्गाको कलात्मक प्रतिमाहरु अनि रंगारंग सांस्कृतिक कार्यक्रम श्रद्धालुहरुलाई आकर्षित गरिरहेको छ।
ठुलो संख्यामा मानिसहरु उत्साह अनि श्रद्धाका साथ यस पर्वलाई पालन गरिरहेको छ। दुर्गा पूजा असत्य माथि सत्यको विजयको प्रतीक हो। यो पर्वले एकता, सद्भाव अनि एकार्का भाईचाराको संदेश पनि दिदछ।

**फुलपाती शोभायात्रा**

नेपालीहरूको महान् चाड बडादसैँको सातौँ दिन अर्थात् नवरात्रिको सप्तमी तिथिमा मनाइने एक अत्यन्तै महत्त्वपूर्ण र पवित्र धार्मिक-सांस्कृतिक पर्वको रुपमा फुलपाती पालन गरिन्छ। हरेक वर्ष झै यो वर्ष पनि गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सुचना एंव सांस्कृतिक बिभागले जिटिए क्षेत्रभरि भव्य फुलपाती शोभा यात्राको आयोजन गर्नेछ।

***दार्जीलिङ, कालेबुङ, खरसाङ अनि मिरिकमा भोलि बिहानदेखि शोभा यात्राको आयोजन हुनेछ जसमा सांस्कृतिक झाँकीहरुको प्रदर्शन पनि गरिनेछ। दार्जीलिङमा मोटर स्ट्यान्डदेखि बिहान साढे आठ बजेदेखि फूलपाती शोभा यात्रा निकालिने छ भने यात्रा महाकाल धामसम्म पुग्ने जानकारी छ। मिरिक झील मास्तिर रहेको सहमेन्दु देवीस्थानवाट शोभा यात्राको शुरुवात हुनेछ भने यात्रा अघि धार्मिक अनुष्ठानको आयोजन गरिने भएको छ। सहमेन्दु देवीस्थान व्यवस्थापन समितिका सचिव जीवन छेत्रीले मन्दिरको निम्ति सहयोग गर्नेहरुलाई सम्मान पनि गरिने जानकारी दिए। यसैगरी खरसाङमा शोभायात्राले बजारको परिक्रमा गर्ने जसमा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहने छ। बिजनबारीमा पनि कला संगमले बिजनबारीले फुलपाती शोभा यात्रा सम्पन्न गर्ने छ। जानकारी अनुसार बिजनबारी खेल मैदानवाट शुरु भएर शोभा यात्राले बिजनबारी बजारको परिक्रमा गरि पुन खेल मैदानमा आइ समापन हुने भनिएको छ। सिलगढीको विभिन्न क्षेत्रमा फुलपाती शोभा आयोजन हुने छ।***

**खरसाङमा फुलपाती**

खरसाङमा फुलपातीको अवसरमा भोलि सम्मान कार्यक्रम साथै मालश्री गायन प्रतियोगिताको आयोजना गरिने भएको छ। फुलपाती शोभायात्रा साथै सम्मान कार्यक्रम आयोजक समितिका सचिव एवं जीटीएका सूचना अनि सांस्कृतिक विभाग खरसाङका प्रभारी गोबिन्द छेत्रीले जानकारी गराए अनुसार यसपालीको फुलपाती शोभायात्रा बिहान 9.30 बजीदेखि खरसाङको रेलवे स्टेशनबाट शुरु हुने भएको छ। फुलपाती सांस्कृतिक शोभायात्रा रेलवे स्टेशन परिसरमा रिबन काटेर शुरु गरिने छ भने शोभायात्रा शुरु हुन अघि नै डोलीहरुलाई दर्शन गर्ने र शोभायात्रासितै खरसाङ बजार परिक्रमा गरिने भएको छ। मालश्री गायन प्रतियोगिता सम्बन्धित नियमावलीहरूमा धेरै सहज र लचकता ल्याएर वर्तमान सर्वसाधारणमा चल्ती गायन परम्परालाई नै निर्णायकहरूद्वारा प्राथमिकता दिने पनि छेत्रीले जानकारी गराएका छन्। लोक साहित्य र लोक संगीतको क्षेत्रमा दिएको बहुमूल्य योगदानको लागि पूर्णकुमार राई बाबरी, शिक्षा क्षेत्रमा डा रागिनी थापा, समाज सेवामा वरिष्ठ समाजसेवी टीटी लामा र पशु प्रेमी

सुनिल खातीलाई पनि सम्मान गरिने भएको छ। कार्यक्रममा मुख्य अतिथिको रुपमा खरसाङका विधायक सोनाम लामा उपस्थित रहने भएको छ।

**दार्जिलिङ फिल्म फेस्टिभल 2026**

खरसाङमा आगामी 30 अक्टोबर देखि 1 नोभेम्बरसम्म  तीन दिवसीय दार्जिलिङ फिल्म फेस्टिभल 2026 सम्पन्न हुने भएको छ। यस विषयमा आज प्रेस क्लब अफ् खरसाङमा लिभिङ द कल्चर फाउण्डेशनको तर्फबाट पत्रकार सम्मेलन आयोजना फाउण्डेशनको तर्फबाट मिकमा लेप्चा, श्रध्दा छेत्री र कल्यानी राईले पत्रकारहरुलाई सम्बोधन गर्दै आगामी 30 र 31 अक्टोबर अनि 1 नोभेम्बरको दिन खरसाङको तीन माइलमा तीन दिवसीय रुपमा दार्जिलिङ फिल्म फेस्टिभल 2026 आयोजना गरिने भएको जानकारी गराएका छन्| तीन दिवसीय दार्जिलिङ फिल्म फेस्टिभलमा दार्जिलिङ पहाड र सिक्किममा बनिएका फिल्महरु प्रदर्शनी साथै फिल्म सम्बन्धमा प्यानल चर्चा, अन्तर कलेज प्रतियोगिता लगायत विभिन्न कार्यक्रमहरु आयोजना गरिने भएको छ।

**आक्रोशमा बाग्राकोट चिया श्रमिकहरु**

पुजा बोनस नपाएको भन्दै बाग्राकोट चिया बगानका श्रमिकहरू आन्दोलित छन। यस्तोमा आज गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङले श्रमिकहरूलाई भेट गरी उनीहरूको समस्या र गुनासो सुने।
श्रमिकहरू सँगको भेटका क्रममा गुरुङले चाडपर्वको समयमा समेत बोनस उपलब्ध नगराइनु श्रमिकहरूका लागि अन्यायपूर्ण अवस्था भएको बताए। यस विषयमा राज्य सरकार अनि मुख्यमन्त्री शुभेन्दु अधिकारीले शीघ्र हस्तक्षेप गरी श्रमिकहरूको समस्याको समाधान गर्नुपर्ने माग मोर्चा अध्यक्षले गरे।

**********